मिति -२०८२/०३/०८ गते (आइतबार) स्थान - पो.म.न.पा.कार्यालयको सभाकक्ष

बैठक संख्या -४८ समय - बिहान- ८ -०० बजे

पोखरा महानगरपालिकाका नगर प्रमुख श्री धनराज आचार्यज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक पोखरा महानगरपालिका कार्यालयको सभाकक्ष तपशिल बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थिति

| सि.नं. | पद | पोखरा महानगरपालिका | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | प्रमुख | श्री धनराज आचार्य | [signature] |
| २ | उपाध्यक्ष | उप-प्रमुख | श्री मञ्जुदेवी गुरुङ | [signature] |
| ३ | सचिव | नि.प्र.प्र.अधिकृत | श्री हेम प्रसाद आचार्य | [signature] |
| ४ | सदस्य | वडा अध्यक्ष वडा नं. १ | श्री शाहारा प्रधान | [signature] |
| ५ | सदस्य | वडा अध्यक्ष वडा नं. २ | श्री दिवशमान प्रधानाङ्ग | [signature] |
| ६ | सदस्य | वडा अध्यक्ष वडा नं. ३ | श्री प्रकाशमान उदास | [signature] |
| ७ | सदस्य | वडा अध्यक्ष वडा नं.४ | श्री देवकृष्ण पराजुली | [signature] |
| ८ | सदस्य | वडा अध्यक्ष वडा नं. ५ | श्री विष्णु प्रसाद बराल | [signature] |
| ९ | सदस्य | वडा अध्यक्ष वडा नं. ६ | श्री विष्णु बहादुर भट्टराई | [signature] |
| १० | सदस्य | वडा अध्यक्ष वडा नं. ७ | श्री राममोहन आचार्य | [signature] |
| ११ | सदस्य | वडा अध्यक्ष वडा नं. ८ | श्री रुद्रनाथ बराल | [signature] |
| १२ | सदस्य | वडा अध्यक्ष वडा नं. ९ | श्री दिपेन्द्र मर्सानी | [signature] |
| १३ | सदस्य | वडा अध्यक्ष वडा नं. १० | श्री राजेश गुरुङ्ग | [signature] |
| १४ | सदस्य | वडा अध्यक्ष वडा नं. ११ | श्री प्रेम प्रसाद कर्माचार्य | [signature] |
| १५ | सदस्य | वडा अध्यक्ष वडा नं. १२ | श्री सन्तोष बास्तोला | [signature] |

| | | | | |
|---|---|---|---|---|
| १६ | सदस्य | वडा अध्यक्ष वडा नं. १३ | श्री किरण बराल | |
| १७ | सदस्य | वडा अध्यक्ष वडा नं. १४ | श्री बोध बहादुर कार्की | |
| १८ | सदस्य | वडा अध्यक्ष वडा नं. १५ | श्री तोरण बहादुर बाँनिया | |
| १९ | सदस्य | वडा अध्यक्ष वडा नं. १६ | श्री अमृत शर्मा तिमिल्सीना | |
| २० | सदस्य | वडा अध्यक्ष वडा नं. १७ | श्री राधिका कुमारी शाही | |
| २१ | सदस्य | वडा अध्यक्ष वडा नं. १८ | श्री शिव प्रसाद तिमिल्सीना | |
| २२ | सदस्य | वडा अध्यक्ष वडा नं. १९ | श्री पुष्पेन्द्र पाण्डे | |
| २३ | सदस्य | वडा अध्यक्ष वडा नं. २० | श्री गंगा बहादुर खत्री | |
| २४ | सदस्य | वडा अध्यक्ष वडा नं. २१ | श्री दिपक प्रसाद सुवेदी | |
| २५ | सदस्य | वडा अध्यक्ष वडा नं. २२ | श्री हिमलाल बराल | |
| २६ | सदस्य | वडा अध्यक्ष वडा नं. २३ | श्री रामकाजी गुरुङ्ग | |
| २७ | सदस्य | वडा अध्यक्ष वडा नं. २४ | श्री भरत बहादुर अधिकारी | |
| २८ | सदस्य | वडा अध्यक्ष वडा नं. २५ | श्री मोतिलाल तिमिल्सीना | |
| २९ | सदस्य | वडा अध्यक्ष वडा नं. २६ | श्री नरेन्द्र थापा (नरेन) | |
| ३० | सदस्य | वडा अध्यक्ष वडा नं. २७ | श्री पूर्णकुमार गुरुङ्ग | |
| ३१ | सदस्य | वडा अध्यक्ष वडा नं. २८ | श्री श्रीकृष्ण लामिछाने | |
| ३२ | सदस्य | वडा अध्यक्ष वडा नं. २९ | श्री श्रीप्रसाद गुरुङ्ग | |
| ३३ | सदस्य | वडा अध्यक्ष वडा नं. ३० | श्री दुर्गा प्रसाद सुवेदी | |
| ३४ | सदस्य | वडा अध्यक्ष वडा नं. ३१ | श्री ढकनाथ कडेल | |
| ३५ | सदस्य | वडा अध्यक्ष वडा नं. ३२ | श्री अक्कल बहादुर कार्की | |

| | | | | |
|---|---|---|---|---|
| ३६ | सदस्य | वडा अध्यक्ष वडा नं. ३३ | श्री रामचन्द्र अधिकारी | |
| ३७ | सदस्य | कार्यपालिका सदस्य | श्री दिपक घिमिरे | |
| ३८ | सदस्य | कार्यपालिका सदस्य | श्री हरिमाया विश्वकर्मा | |
| ३९ | सदस्य | कार्यपालिका सदस्य | श्री गोबिन्द तुलाचन | |
| ४० | सदस्य | कार्यपालिका सदस्य | श्री मन्दिरा परियार | |
| ४१ | सदस्य | कार्यपालिका सदस्य | श्री धन कुमारी पोख्रेल | |
| ४२ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मल दियाली | |
| ४३ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मला पौडेल | |
| ४४ | सदस्य | कार्यपालिका सदस्य | श्री भिम कुमारी पुन गर्बुजा | |
| | | | | |

पोखरा महानगरपालिका

न्युरोड, पोखरा

**४८औं कार्यपालिका बैठक (मिति २०८२/०३/०८) का निर्णयहरुः**

**निर्णय नं १**

४७औँ नगर कार्यपालिका बैठकको निर्णय सम्बन्धमा छलफल गरियो ।

**निर्णय नं २**

पोखरा महानगरपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट प्रस्ताव भएको बार्षिक बजेट रकम रु आठ अर्ब पैतिस करोड बाह्र लाख रुपैँयाका सम्बन्धमा छलफल गरी सर्वसम्मतिबाट नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

पोखरा महानगरपालिकाको नगर सभाको १७ औं बैठकमा छलफल एवं स्वीकृतिका लागि तपशिल बमोजिम कार्यसूचीहरु नगर सभामा प्रस्तुत गर्न सिफारिस गर्ने निर्णय गरियोः

१. आर्थिक बर्ष २०८२/८३ को नीति तथा कार्यक्रम,

२. आर्थिक बर्ष २०८२/८३ को बजेट वक्तव्य तथा बार्षिक विकास कार्यक्रम,

३. आर्थिक विधेयक, २०८२

४. विनियोजन विधेयक, २०८२

५. विज्ञापन करको (व्यवस्थापन तथा नियमन) ऐन, २०८२

६. पोखरा महानगरपालिकाको फोहरमैला व्यवस्थापन ऐन, २०८२

७. साझेदारी तथा लगानी ऐन, २०८२

८. भवन नियमित तथा अभिलेखिकरण कार्यविधि, २०८० (दोस्रो संशोधन २०८२)

**निर्णय नं ४**

पोखरा महानगरपालिकाको योजना, अनुगमन तथा मूल्याङ्कन समितिबाट पेश भएको बार्षिक प्रतिवेदन उपर कार्यपालिकामा छलफल गरियो । प्रतिवेदनमा औँल्याईएका सुझावहरु कार्यान्वयन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ५**

ज्यालादारीमा कार्यरत कर्मचारीहरुको सम्बन्धित महाशाखा/वडा कार्यालयमा काम लगाएको प्रमाणित डोर हाजिरी सहितको सिफारिस बमोजिम तोकिएको संख्याभित्रका ज्यालादारी कामदारलाई २०८२ असार मसान्त सम्मको पारिश्रमिक भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं ६**

नगरसभाको विशेष बैठकको निर्णय उपर महानगरलाई विपक्षी बनाई सम्मानित सर्वोच्च अदालतमा मुद्धा दायर गरी अमिन श्री गणेश गिरी समेत ५ जना कर्मचारीहरुको करार सम्झौताको म्याद कायमै रहेको अवस्थामा सम्मानित अदालतबाट अल्पकालिन अन्तरिम आदेश भई निजहरु कामकाजमा रहेको र मुद्धा विचाराधिन रहेकोले सम्मानित अदालतबाट मुद्धाको कारवाही किनारा हुँदाका बखत सोही बमोजिम हुने गरी काम गरेको अवधिको सम्झौता गरी पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ७**

महानगरको आर्थिक बर्ष २०८१/०८२ को बार्षिक विकास कार्यक्रममा पोखरा महानगरपालिका वडा नं २३ को वडा स्तरीय **मण्डली डाँडा पार्क निर्माण आयोजना**मा विनियोजित रकम रु २०००००।- वडा कार्यालयको सिफारिसमा **रैकर एकता आमा समूहको भवन स्तरोन्नती** आयोजनामा रकमान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं ८**

पोखरा महानगरपालिका वडा नं ३० स्थित शिशुवा अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीले संघीय कानून बमोजिम दैनिक रु १२५।- का दरले प्राप्त गर्ने रात्रीकालिन सेवा बापतको भत्ता रकम भुक्तानी हुन छुट भएकोले रात्रीकालिन समयमा कार्यरत स्वास्थ्यकर्मीहरुको स्वास्थ्य महाशाखाबाट प्रमाणित लगत बमोजिम नियमानुसारको रात्रीकालिन भत्ता रकम संघीय सशर्त अनुदान रकमबाट भूक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं ९**

पोखरा महानगरपालिकाको आ.व. २०८१/०८२ को बार्षिक विकास कार्यक्रममा वडा नं ३३ को वडास्तरीय योजनाको रुपमा रहेको भिमसेन नेवा खलः भवन निर्माणका लागि रु ६ लाख रकम विनियोजन भएकोमा भवन निर्माणका लागि उपभोक्ता समितिसँग मिति २०८१/०७/२८ मा भएको सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न गरी कार्य सम्पन्न प्रतिवेदन सहित वडा कार्यालयमा भूक्तानीका लागि पेश भएकोमा उक्त भवन सार्वजनिक जग्गामा निर्माण भएको देखिएकोले उपभोक्ता समिति र वडा कार्यालय समेतबाट सम्पन्न कामको भूक्तानीका लागि निर्देशन माग भएकोमा प्राविधिक मूल्याङ्कनबाट नापजाँच गरी एकिन हुन आउने रकम भुक्तानीका लागि वडा कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं १०**

पोखरा महानगरपालिका क्षेत्रभित्र बाढी पहिरो जस्ता मनसुनजन्य प्राकृतिक प्रकोपमा परी ज्यान गुमाई राहतका लागि महानगरमा निवेदन पेश भएका परिवारका सदस्यहरुको परिवारलाई र यस्तै प्रकृतिका घटनाबाट ज्यान गुमाउने परिवारका सदस्यहरुको परिवारलाई प्रति परिवार रु ५०,०००।- का दरले महानगरपालिकाबाट काजक्रिया खर्च/राहत उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ११**

पोखरा महानगरपालिकाको मिति २०८२/०१/२८ गतेको ४५औँ कार्यपालिकाको बैठकबाट जिल्ला प्रशासन कार्यालय, कास्कीको राहदानी शाखासंगै आप्रवासी स्रोत केन्द्र कक्ष निर्माणका लागि प्राविधिकबाट तयार भएको लागत अनुमान रकम रु ८,२३,०००।- (आठ लाख तेईस हजार मात्र) नियमानुसार भूक्तानी गर्ने निर्णय भएकोमा सो रकम महानगरको आर्थिक बर्ष २०८१/०८२ को बार्षिक विकास कार्यक्रममा उपशिर्षक नं ८०४३९२०१७०१ अर्थ विविधमा विनियोजित रकमबाट पूर्वाधार विकास महाशाखाको उपशिर्षक नं ८०४३९२०१३५३ पोखरा महानगरपालिका-पूर्वाधार-भवन अन्तर्गत रु ८,२३,०००।- रकमान्तर गरी भूक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं १२**

महानगरको आर्थिक बर्ष २०८१/०८२ को बार्षिक विकास कार्यक्रममा पोखरा महानगरपालिका आर्थिक विकास महाशाखामा विनियोजित रकमबाट महाशाखाको सिफारिस बमोजिम तपशिलको आयोजनामा रकमान्तर गर्ने निर्णय गरियो ।

आ.व २०८१/०८२ महाशाखागत कार्यक्रम संशोधन/रकमान्तर

| क्र.स | शिर्षक | वडा/ महाशाखा | विनियोजित रकम | थप हुने रकम | घट रकम | रकमान्तर पछिको रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | कृषि एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन | आर्थिक विकास | १५०० | ० | ५०० | १००० | |
| २ | भूमि बैंक स्थापना तथा जमिन परिचालन | आर्थिक विकास | ५०० | ० | ५०० | ० | |
| | १. भूमि वर्गीकरण कार्यक्रम | आर्थिक विकास | ० | १००० | ० | १००० | |

**निर्णय नं १३**

महानगरको आर्थिक बर्ष २०८१/०८२ को बार्षिक विकास कार्यक्रममा पोखरा महानगरपालिका पूर्वाधार विकास महाशाखा र शहरी विकास महाशाखामा विनियोजित रकमबाट महाशाखाको सिफारिस बमोजिम तपशिलको आयोजनामा रकमान्तर गर्ने निर्णय गरियो।

आ.व २०८१/०८२ महाशाखागत कार्यक्रम संशोधन/रकमान्तर

| क्र.स | शिर्षक | वडा/ महाशाखा | विनियोजित रकम | थप हुने रकम | घट रकम | रकमान्तर पछिको रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | जोगमणी कल्भर्ट | पूर्वाधार विकास | ६२४५ | ० | ९८५ | ५२६० | |
| | १. उच्च अदालतमा मुख्य न्यायाधीशको आवास जाने बाटो तथा न्यायधीश आवास मर्मत योजना | पूर्वाधार विकास | ० | ९८५ | ० | ९८५ | |
| २ | गाईघाट क्षेत्रमा तालको माटो निकाली संरक्षण गर्ने | शहरी विकास | २५०० | ० | १००० | १५०० | |
| | १. पोखरा महानगरपालिका वडा नं ३३ प्रहरी चौकी पूँडीटार कोत्रे सडक स्तरोन्नति | शहरी विकास | ० | १००० | ० | १००० | |
| ३ | क्लोथ बैंक स्थापना | शहरी विकास | १००० | ० | १००० | ० | |
| | १. मेशीनरी तथा औजार खरिद | शहरी विकास | ० | १००० | ० | १००० | |

**निर्णय नं १४**

पोखरा महानगरपालिका वडा नं. १७ स्थित छोरेपाटन माध्यमिक विद्यालयसँग भएको सम्झौता बमोजिम २०८१ माघदेखि २०८२ असार मसान्तसम्म दिनुपर्ने अनुदान रकम रु १,५०,५०,०००।– माग बमोजिम निकासा गर्न नगरसभामा स्वीकृतिका लागि सिफारिस गरी पठाउने निर्णय गरियो।

**निर्णय नं १५**

पोखरा महानगरपालिकाको आ.व. २०८१/८२ मा ठेक्का मार्फत वडा नं २ मा सञ्चालित शेरापोखरी पार्क निर्माण योजनाको निर्माण कम्पनी श्री आफन्त कन्स्ट्रक्सन प्रा.लि.सँग मिति २०८०/०६/०५ मा सम्झौता भई निर्माण कार्य भइरहेको र निर्माण व्यवसायीले समयमा निर्माण कार्य सम्पन्न नगरेकाले मिति २०८१/०८/०९ देखि पूर्व निर्धारित क्षतिपूर्ति लगाइएकोमा उक्त स्थानमा हाल निर्माण कार्य गर्न बाँकी स्थान नभएको र निर्माण भएको संरचना सञ्चालनमा रहेकोले सम्पन्न कार्यको मूल्याङ्कन गरी पूर्वनिर्धारित क्षतिपूर्ति लगाई भूक्तानी दिने र ठेक्का अन्त्य गर्ने निर्णय गरियो।

**निर्णय नं १६**

महानगरको आर्थिक बर्ष २०८१/०८२ को बार्षिक विकास कार्यक्रममा पोखरा महानगरपालिका वडा नं ४ को वडा स्तरीय आ.व. २०८०/८१ मा भूक्तानी हुन बाँकी शिर्षकमा विनियोजित रकम रु ३१,६०,०००।- मध्येबाट वडा कार्यालयको सिफारिसमा वडा नं ४ भित्रका घर नम्बरिङ्ग आयोजनामा प्रचलित कानून बमोजिम सम्पन्न कामको भूक्तानी गर्नका लागि रु १०,००,०००।- रकमान्तर गर्ने निर्णय गरियो।